# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) हेटौंडा, मकवानपुर, साउन २६ गते, २०७७ साल (संख्या ७

## भाग ३

## प्रदेश दुग्ध विकास बोर्ड

बागमती प्रदेश, हेटौंडाको

## सूचना

**प्रदेश दुग्ध विकास बोर्ड (पहिलो संशोधन) विनियमावली, २०७७**

प्रदेश दुग्ध विकास बोर्ड ऐन, २०७५ को दफा २३ को उपदफा (१) को अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारको स्वीकृतिमा प्रदेश दुग्ध विकास बोर्डले देहायका विनियमहरु बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>ः** (१) यी विनियमहरुको नाम "प्रदेश दुग्ध विकास बोर्ड (पहिलो संशोधन) विनियमावली, २०७७" रहेको छ।

(२) यो विनियमावली बोर्डले स्वीकृत गरी प्रदेश राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **<u>प्रदेश दुग्ध विकास बोर्ड विनियमावली, २०७६ को विनियम ५ मा संशोधन</u>ः** प्रदेश दुग्ध विकास बोर्ड विनियमावली, २०७६ को विनियम ५ को,-

(१) उपविनियम (१) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) अधिकृत प्रतिनिधि, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य"

(२) उपविनियम (१) को खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएको छः-

"(ग१) निर्देशक, पशुपक्षी तथा मत्स्य विकास निर्देशनालय -सदस्य"

(३) उपविनियम (७) पछि देहायको उपविनियम (८) थपिएको छः-

"(८) उपविनियम (१) बमोजिमको छनौट समितिले आफ्नो वैठक तथा उपविनियम (२) ले निर्धारण गरेको उम्मेदवारको छनौट प्रक्रिया

सम्बन्धी अन्य कार्यविधि सोही उपविनियमको अधीनमा रही आफैं तय गर्न सक्नेछ।"

**आज्ञाले,**
**डा. शरणकुमार पाण्डे**
**निर्देशक, प्रदेश दुग्ध विकास बोर्ड**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रु.५।-